स्थानीय राजपत्र

नौकुण्ड गाउँपालिका, रसुवाद्वारा प्रकाशित

| खण्ड ..... | संख्या ५ | मिति २०८०।१०।२८ |
|---|---|---|


**भाग २**

**नौकुण्ड गाउँपालिका**

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको कार्यविधि संख्या ५

# कृषि, पशुपंक्षी तथा अन्य व्यवसाय र उद्यमशीलता प्रवर्द्धन अनुदान कार्यविधि, २०८०

## प्रस्तावनाः

गाउँपालिकामा कृषि तथा पशुपंक्षी व्यवसाय र घरेलु तथा साना उद्योगमा आधारित उद्यमशीलता प्रवर्द्धनको लागि उपलब्ध गराइने अनुदानलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, दिगो तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन को दफा १०२ को उपदफा ३ बमोजिम गाँउ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम कृषि, पशुपंक्षी तथा अन्य व्यवसाय र उद्यमशीलता प्रवर्द्धन अनुदान कार्यविधि २०८० रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२) परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "अनुदान" भन्नाले गाउँपालिकाभित्र स्थायी बसोबास गरी कृषि, पशु तथा अन्य उद्योग व्यवसाय संचालन गरी उत्पादन, प्रशोधन, बजारीकरण, आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरणका लागि कृषक वा व्यवसायी वा उद्यमीलाई प्रदान गरिने नगद अनुदान वा कुनै कार्यक्रम छनौट गरि बैंक वा सहकारी संग सम्झौता गरि कृषकलाइ सौलियत दरमा दिने ब्याज सहुलियत सम्झनु पर्छ।

ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका गाउँपालिकाभित्रका स्थायी बसोबास गरी

कृषि तथा पशु उद्यमी वा कृषक समूह वा कृषि सहकारी वा लघु तथा घरेलु उद्यम वा कुनै व्यवसाय गर्न चाहने व्यक्ति वा समूह सम्झनु पर्छ।

ग) ‘‘कार्यक्रम" भन्नाले गाउँपालिकाबाट सञ्चालन हुने अनुदान प्रवाह सम्बन्धी अनुसुची १ मा भएका कार्यक्रम सम्झनु पर्छ।

घ) ‘‘कार्यालय’’ भन्नाले नौकुण्ड गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

ङ) "कार्यपालिका" भन्नाले नौकुण्ड गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

च) 'गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको नौकुण्ड गाउँपालिकालाई सम्झनु पर्दछ।

छ) “ अध्यक्ष’’ भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ज) ‘‘उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाअध्यक्षलाई सम्झनु पर्दछ।

झ) "प्रशासकीय अधिकृत' भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ञ) ‘‘बैङ्क" भन्नाले गाउँपालिकाबाट तोकिएको बैङ्क सम्झनु पर्छ।

ट) “छनौट समिति” भन्नाले दफा १८ बमोजिमको छनौट समिति सम्झनु पर्छ ।

ठ) “लघुवित ” भन्नाले साना किसान विकास लघुवित संस्था लिमिटेडलाई मात्र सम्झनु पर्दछ ।

ड) “वितिय संस्था” भन्नाले नेपाल रास्ट्र बैंक बाट इजाजत प्राप्त वितिय कारोबार गर्ने संस्था सम्झनु पर्द ।|

ढ) “सहकारी ”भन्नाले साना किसान विकास लघुवित संस्था लिमिटेड सँग आवद्द संस्था सम्झनु पर्दछ ।

**३) अनुदान उपलब्ध गराउन सक्ने:** गाउँपालिकाले बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम छनौट भएका व्यक्ति ,समूह ,सहकारी, संघ, संस्था, फर्मलाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

**४) अनुदानको सूचना र अनुदानग्राहीको छनोट:**

(१) अनुदान सम्बन्धी कार्यक्रम संचालन गर्न कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपंक्षी व्यवसाय र लघु तथा घरेलु उद्यम वा अन्य कुनै व्यवसाय गर्न चाहने व्यक्ति ,समूह ,सहकारी, संघ, संस्था, फर्मलाइ सूचनाको पहुँच पुग्ने गरी कम्तिमा १५ दिनको समयसीमा राखी आवेदन मागको लागि सार्वजनिक रुपमा अनुसुची २ बमोजिमको सूचना प्रकाशन प्रसारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदन आहान भएपश्चात इच्छुक व्यक्ति वा समूह वा संस्थाले अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालय मार्फत गाउँपालिकालाई सम्बोधन गरि निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त आवेदन अध्ययन गरी छनौटका लागि कार्यालयले दफा १८ बमोजिमको छनौट समितिमा पठाउनु पर्नेछ ।

(४) छनौट समितिले आवेदन दिएका व्यक्ति, समूह, सहकारी, संघ, संस्था, फर्ममध्येबाट व्यवसायको क्षेत्र, परियोजना प्रस्ताव तथा प्रस्तावित लगानी र फिर्ताको प्रस्तावको आधारमा अनुदान रकम र अनुदानग्राहीका प्राथमिकता निर्धारण गरिनेछ। यस क्रममा सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गरेका, तालिम प्रशिक्षण लिएका र लघु तथा घरेलु उद्यमशीलताको सम्बन्धमा मेडपा तालिम लिएकालाई प्राथमिकता दिइनेछ।

(५) दफा १८ बमोजिमको छनौट समितिको सिफारिसमा गाउँकार्यपालिकाले प्रस्तावहरुको छनौट गरी कार्यान्वयन गर्नेछ।

(६) अनुदान प्राप्तिको लागि अनुसुची -४ बमोजिमको कार्ययोजना पेश गर्नुपर्नेछ ।

(७) दोहोरो हुने गरी साथै एक पटक तेस्तै प्रकृतिका अनुदान लिइ सकेको व्यक्ति समुह सहकारी फम संघ संस्थालाइ अनुदान उपलब्ध गराइने छैन। त्यसको लागि अनुसुची -५ बमोजिमको स्वघोषणा पेश गर्नुपर्नेछ।

५ कृषि तथा पशुपालन व्यवसाय संचालनको मापदण्ड

क जग्गा भाडामा लिएको सम्झयौता

ख कम्तिमा ५ रोपनी जग्गा

ग समुह सहरकारी को निर्णय

घ भौगोलिक उपयुक्ता ६००-१२०० जर्सी गाइ/मुर्रा भैसी कुखुरा केरा आँप लिचि कटर बोयर बाख्रा जमुना पारी

१२००- १७०० जर्सी क्रस, मुरा क्रस सुनतला बंगुर पालन कागती जुनार वोयर बाख्रा जमुना पारी क्रस भेडा पालन

१७०० -२५०० किवि स्थानीय जातको गाइ भैसी तथा स्थानीय जातको बाख्रा सिनाल जातको बाख्रा भेडा पालन भेडा पालन

२५०० भन्दा माथि चौरी गाइ जडिबुटी च्याङग्रा भेडा पालन

## ५) अनुदान रकमको सीमाः

(१) गाउँपालिकाबाट व्यक्ति ,समूह ,सहकारी, संघ, संस्था, फर्मलाई उपलब्ध गराइने अनुदान रकम कूल कार्यक्रम लागतको अधिकतम पचहत्तर प्रतिशत भन्दा बढी हुनेछैन तर लक्षित समुह (महिला,अपाङ्गता भएका ब्यक्ति,दलित,तथा अति विपन्न ) लाई सहयोग कार्यक्रम अनुरुप सत प्रतिशत अनुदान उपलब्ध गराउन सकिने छ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपद वा प्रचलित कानुनमा तोकिएको लक्षित समूहका लागि गाउँपालिका आफैले वा गैर सरकारी संघ संस्थाको साझेदारीमा सञ्चालन हुने कार्यक्रमको हकमा यो कार्यविधि लाग हुने छैन।

(३) साना किसान विकास लघुवित वितिय संस्था लिमिटेड सँग आवद्द सहकारी संस्था वा अन्य बैंक/वितिय संस्थाले गाँउपालिकामार्फत छनौट भइ व्यवसाय गर्न कर्जा लिने व्यक्ति,समुह,फर्मलाइ थोक कर्जाको रुपमा उपलब्ध गराउने कर्जाको वार्षिक ब्याजदरको ५% ब्याजदर रकम अनुदान स्वरूप उपलब्ध गराईने छ ।

(४) गाउँपालिकाबाट उपलब्ध गराईने अनुदान रकम भित्र गाँउपालिकाले आवश्यक प्रविधि खरिद गरि वितरण गर्न सकिने छ ।

**६) अनुदान रकमको निर्धारण:** कार्यालयले वार्षिक विनियोजित बजेटको सीमाभित्र रही छनौट समितिको सिफारिसमा अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम निर्धारण गर्नेछ ।

**७) अनुदानग्राहीसँग सम्झौता गर्नु पर्ने:**

(१) कार्यालयले छनौट भएका कृषि तथा पशु उद्यमी र लघु तथा घरेलु उद्यम गर्न चाहने व्यक्ति वा संस्था वा समूहलाई दिइने अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग अनुसुची- ६ बमोजिम सम्झौता गर्नेछ र सोको जानकारी सम्बन्धित बैंक/वितिय संस्था वा सहकारी लाई समेत दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयले अनुदानग्राहीसँग सम्झौता गर्दा अनुदानग्राहीले आफ्नो तर्फबाट लगानी गर्न प्रस्तावित रकम नगदै वा ऋण लिई लगानी गर्ने भए ऋण स्वीकृत भएको वा हुने निश्चित भएको बैंक/ सहकारी को प्रतिबद्धतापत्र र यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्न मञ्जुर भएको बैंकको पत्र समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्ने समय, कार्य सम्पन्न गर्ने समय, अनुदान भुक्तानी हुने बैंकको शाखा कार्यालय, आवधिक रुपमा कार्य सम्पन्न गर्नु पर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(४)दफा(५)को उपदफा (३) बमोजिम उपलब्ध गराइने थोक कर्जाको वार्षिक ब्याजदरको अनुदान रकम साना किसान विकास लघुवित वितिय संस्था लिमिटेड सँग आवद्द रहेका कृषि सहकारीलाइ उपलब्ध गराउइने छ जसको लागि सहकारीले थोक कर्जा उपलब्ध गराउँदा गाँउपालिकाको सिफारिस विना वितरण गरेको कृषकको ब्याजदर अनुदान रकम उपलब्ध गराइने छैन त्यस्तै अन्य बैंक तथा वितिय संस्थाले रकम साना किसान विकास लघुवित वितिय संस्था लिमिटेडको थोक कर्जा भन्दा कम ब्याजदरमा कृषकलाई अनुदान रकम उपलब्ध गराउन चाहेमा गाँउपालिका सँग सम्झौता गरि कृषकलाइ वितरण गर्न सक्ने छन् जसको ब्याजदर अनुदान रकम पनि ५% हुने छ ।

**८)अनुदानको भुक्तानी बैंकमार्फत हुने**

(१) गाउँपालिकाले यस कार्यविधि बमोजिमको अनुदान रकम अनुदानग्राहीलाई बैंक मार्फत उपलब्ध गराउनेछ।

(२) कार्यालयले छनौट गरेको अनुदानग्राहीले बैंक मार्फत अनुदान प्राप्तिको लागि आफूलाई पायक पर्ने बैंकमा खाता खोल्नु पर्नेछ । र अनुदानग्राहीको खाता रहेको बैंकमा अनुदान रकम जम्मा गरिनेछ।

**९) बैंकमार्फत अनुदान भुक्तानी प्रकिया:**

(१) कार्यालयले बैंक मार्फत अनुदानग्राहीलाई अनुदानग्राहीको कार्य सम्पादन प्रगति प्रतिवेदनको आधारमा लगानी अनुपातमा अनुदान भुक्तानी गर्नेछ ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीले चाहेमा शत प्रतिशत कार्य सम्पन्न गरेपश्चात अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

**१०) व्यवसाय दर्ता गर्नुपर्ने**: यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने व्यवसायीले आफ्नो व्यवसाय गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गर्नु पर्नेछ ।

**११) बीमा गर्नुपर्ने** :यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको उद्यम वा व्यवसायको बीमा गर्नु पर्नेछ ।

१२) **विवरण सुरक्षित राख्नुपर्ने:** कार्यालयले अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने अनुदाग्राहीसँग भएको सम्झौताको विवरण अभिलेख कार्यालयमा सुरक्षित तवरले राख्नुपर्नेछ।

१३) **असुल उपर गर्नु पर्ने**: कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमका हिनामिना

भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानुन बमोजिम असुल उपर गर्नेछ ।

१४) **संघीय सरकार वा प्रदेश सरकारबाट सञ्चालन हुन कार्यक्रम:** संघीय सरकार तथा प्रदेश सरकारबाट सशर्त अनुदान प्राप्त गरी मन्त्रालय र मातहतका निकायबाट सञ्चालन हुने कार्यक्रमहरु संघीय सरकार तथा प्रदेश सरकारबाट स्वीकृत कार्यविधि अनुसार नै सञ्चालन हुनेछन ।

१५) **सम्झौता बमोजिम सञ्चालन हुने:** यस कार्यविधिमा जुनसकै कुरा लेखिएको भए तापनि साझेदार निकायको सहयोगमा सञ्चालित कार्यक्रम वा आयोजनाका क्रियाकलाप सञ्चालन गदा सम्झौता वा आयोजना कार्यान्वयन दस्तावेज बमोजिम सञ्चालन गरिनेछ ।

१६) **अनुदानग्राहीले कर्जा प्राप्त गर्न सक्ने:** अनुदानग्राहीले चाहेमा आफूले स्वःलगानी गर्नु पर्ने रकम अनुदानको स्वीकृती हुनुपूर्व बैंकको प्रचलित नियम बमोजिम कर्जा प्राप्तिको सुनिश्चितता गर्न सक्नेछ।

**१७) यान्त्रिकरणमा अनुदान**: (१) गाउँपालिकामा दर्ता भएका कृषि तथा अन्य उद्यमशील व्यवसाय गर्ने,फर्म, सहकारी समूहबाट माग भए बमोजिम गाउँपालिका तथा अन्य साझेदार निकायको लागत सहभागितामा मिनि टिलर ट्र्याक्टर आधुनिक कृषि यान्त्रिकरण उपकरण तथा औजार तथा आफ्नो पेशा व्यवसायलाई बिस्तार गर्ने प्रयोजनार्थ खरिद गरिने मेशीनरी औजारहरुमा अधिकतम पचास प्रतिशतसम्म लागत सहभागिता व्यहोर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम बाँकी पचास प्रतिशत व्यवसायीको लागत अग्रिम रुपमा गाउँपालिकाको सम्बन्धित कोष खातामा जम्मा गर्नुपर्नेछ ।

(३) उल्लेखित अनुदान कार्यकम गाउँपालिकाको स्वीकृत बजेट तथा साझेदार निकायको समन्वयमा लागत सीमा भित्र रही सूचना, निवेदन संकलन तथा छनौट प्रक्रिया पुरा गरी संचालन गरिनेछ।

(४) कार्यसम्पादन प्रतिवेदन पश्चात अनुदान रकम सम्बन्धित उद्यमी व्यवसायीलाई बैंक मार्फत उपलब्ध गराइनेछ।

**१८) उत्कृष्ठ कृषक पुरुस्कार वितरण अनुदान:** गाउँपालिकामा दर्ता भएका कृषि/पशुपालन तथा अन्य उद्यमशील व्यवसाय गर्ने,फर्म हरुलाई यसै कार्यविधि अनुरुपको समितिले छनौट गरि वार्षिक स्वीकृत कार्यक्रम भित्र रहेर उत्कृष्ठ कृषक पुरुस्कार वितरण अनुदान १००% रकम अथवा सामाग्री खरिद गरि वितरण गरिनेछ |

१९) **अनुदानग्राही छनौट सिफारिस समिति**: (१) गाउँपालिका स्तरमा अनुदानग्राहीका छनौट गर्न देहाय बमोजिमको

छनौट सिफारीस समितिको गठन गरिनेछ ।

(क) गाउँपालिका प्रमुख -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सम्वन्धित विषयगत समिति संयोजक -सदस्य

(ङ) सम्बन्धित शाखा प्रमुख -सदस्य सचिव

(२) छनौट समितिले आवश्यकता अनुसार बढीमा २ जना विज्ञ सदस्य समितिका बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

(३) ब्याजदर अनुदानको हकमा सम्वन्धित वडाको वडा अध्यक्ष तथा अनुदान वितरण गर्ने सहकारीको प्रतिनिधि आमन्त्रण गर्नु पर्ने छ|

(४) छनौट समितिले अनुसुची-७ को ढाचामा मुल्याङ्कनका आधार निर्माण गरी मुल्याङ्कन गर्नेछ।

२०) **अनुगमन तथा मुल्याङकन**: यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको वडा स्तरीय अनुगमन तथा मुल्याङकन समिति र गाउँपालिका स्तरीय योजना अनुगमन तथा मुल्याङकन समिति अनुगमन तथा मुल्याङ्कन समितिबाट हुनेछ ।

२१) **प्रतिवेदनः** सम्पादन गरेका कार्यको प्रगति प्रतिवेदन अनुसुची-८ बमोजिमको ढाँचामा सम्बन्धित शाखाले तयार गर्नु पर्नेछ ।

२२) **विवरण प्रकाशन गर्नु पर्ने**: कार्यालयले अनुदानग्राहीको नाम सहितको विवरण त्रैमासिक रुपमा आफनो

वेबसाइट मार्फत अनुसुची-९ बमोजिम प्रकाशन गर्नु पर्नेछ ।

२३) **गुनासो व्यवस्थापनः** (१) अनुदानग्राहीले अनुदान प्राप्तिका सम्बन्धमा कुनै गुनासो भएमा गाउँपालिका प्रमुख

समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो सम्बोधन गर्न गाउँपालिका प्रमुखको संयोजकत्वमा विषयगत समिति संयोजक र सम्बन्धित विषयगत शाखा प्रमुख सदस्य रहेको गुनासो व्यवस्थापन इकाई रहनेछ ।

(३) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएकोमा उपदफा (२) बमोजिमको गुनासो व्यवस्थापन इकाईले त्यस्तो गुनासो प्राप्त भएको मितिले १५ दिनभित्र निरुपण गर्नु पर्नेछ ।

२४) **लागत सहभागिता अनुदानः** यस गाउँपालिकाले संघ प्रदेश तथा साझेदार निकायसँग साझेदारीमा कोल्ड स्टोर बहुउद्देश्यीय भवन, हाट बजार कृषि उपज संकलन केन्द्र तथा अन्य लागतसाझेदारी गर्न पर्ने अवस्था हेरी निर्माण सचालन र व्यवस्थापनमा लागत साझेदारी जनाउन सक्नेछ।

**२५) सेवाग्राहीलाई दिइने सहुलियत उल्लेख गर्नु पर्नेः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह

गर्ने अनुदानग्राहीले सम्बन्धित सेवामा सेवाग्राहीलाई सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताको शर्तमा नै उल्लेख गरी लागू गर्नु पर्नेछ।

२६) **दोहोरा सुविधा लिन नपाउनेः** अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिका कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ बर्ष सम्म सोही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन तर साना किसान विकास लघुवित वितिय संस्था लिमिटेडद्वारा लिईएको थोक कर्जाको ब्याजदर रकमको अनुदानलाइ गणना गरिने छैन |

**२७) अनुदानग्राही जिम्मेवार हुनेः (१)** कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति परी सम्झौता

अनुरुप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

(२) अनुदानबाट प्राप्त यन्त्र वा उपकरण वा सामाग्री वा बस्तुभाउको अनुदान प्रापकले संरक्षण गर्नुपर्नेछ । सामूहिक उपयोग हुन सक्ने सामाग्री तथा बस्तुभाउको यथोचित संरक्षण, सुरक्षा हुन नसकी हानी भएको पाइएमा अनुदानको लागत रकम अनदानग्राहीबाट असुल उपर गर्न बाधा पर्नेछैन।

**२८) अनुदान प्राप्त गर्ने परियोजनाकार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्ने कुनै कारणवश प्रचलित ऐन**

कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवश कार्यालयले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पूरा भुक्तानी नदिन सक्ने सम्मको कारबाही हुनेछ ।

अनुसूची-१ मा संशोधन वा थप गर्नुपर्ने भएमा हरेक आर्थिक वर्षको साउन महिनाभित्र कार्यपालिकाबाट निर्णय गरी सार्वजनिक गर्नुपर्नेछ।

२९) **संशोधन बाधा अडकाउ फुकाउ सम्बन्धी व्यवस्था**:- यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ

आइपरेमा कार्यपालिकाको निर्णयबाट संशोधन वा बाधा अड्काउ फुकाउन गर्न सकिनेछ।

३०) **विविधः** यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

अनुसूची-१

(दफा २ को खण्ड (ग) सँग सम्बन्धित)

अनुदान रकम उपलब्ध हुने कार्यक्रमहरु कार्यक्रम

| क्र स | कार्यक्रमको नाम |
|---|---|
| १ | कषि पर्यटन प्रवर्द्धन कार्यक्रम |
| २ | शित भण्डार घर निर्माण कार्यक्रम |
| ३ | नमूना कृषि फार्म स्थापना तथा संचालन कार्यक्रम |
| ४ | कृषि बजार तथा संकलन केन्द्र निमाण कार्यक्रम |
| ५ | मिल्किङ्ग मेसिन वितरण कार्यक्रम |
| ६ | मासु चिस्यान घर स्थापना कार्यक्रम |
| ७ | पशुजन्य पदार्थ उत्पादन, |
| ८ | विविधिकरण र बजारिकरण कार्यक्रम |
| ९ | पशु वधशाला निर्माण तथा सुधार कार्यक्रम |
| १० | साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम |
| ११ | मत्स्य ह्याचरी निर्माण एवं व्यवस्थापन कार्यक्रम |
| १२ | पुष्पखेती तथा नर्सरी निर्माण कार्यक्रम |
| १३ | मत्स्य उत्पादन कार्यक्रम |
| १४ | व्यवसायिक गाईभैसी पालन तथा बाखा फार्महरुलाइ गोठ निर्माण/ सुदृढिकरण तथा जैविक सुरक्षा कार्यक्रम |
| १५ | मासु पसल निर्माण/सुधार |
| १६ | डेरी पसल निर्माण/सुधार |
| १७ | सामुदायिक वन तथा खेर गएका जग्गामा घाँसखेती विकास कायक्रम |
| १८ | मासु बजार व्यवस्थापनकायकम |
| १९ | चिलिङ्ग भ्याट स्थापना कार्यक्रम |

| | |
|---|---|
| २० | कुखुराका ह्याचरी/अन्डा उत्पादन स्थापना कार्यक्रम |
| २१ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम |
| २२ | बीउ उत्पादन, प्रशोधन तथा भण्डारण सहयोग |
| २३ | प्राङ्गारिक कृषि प्रवर्द्धन अभियान कार्यक्रम |
| २४ | साझेदारीमा कृषि तथा पशुपन्छी पूर्वाधार विकास कार्यक्रम |
| २५ | स्थानीय प्रजातिका पन्छी पालन कार्यक्रम |
| २६ | कार्यक्रम गाई, भैसी, बाखा पालन आदि कार्यक्रम |
| २७ | गलैचा, हाते कागज, ढाका लगायत मूल्य अभिविद्धि सम्बन्धी उद्योग |
| २८ | सिलाई बुनाई/कटाई |
| २९ | किराना तथा अन्य पसल व्यवसाय |
| ३० | ग्रील व्यवसाय |
| ३१ | फर्निचर व्यवसाय |
| ३२ | साबुन बनाउने |
| ३३ | मैनबत्ती बनाउने |
| ३४ | अगरत्ती बनाउने |
| ३५ | बेकरी व्यवसाय |
| ३६ | हस्तकला, मूर्तिकला, वास्तुकला, चित्रकला, काष्टकला लगायतका कार्यक्रम |
| ३७ | अन्य लघु तथा घरेलु उद्यम व्यवसाय |
| ३८ | मौरी पालन कार्यक्रम |
| ३९ | बंगुर तथा बदेल पालन कार्यक्रम |
| ४० | साना किसान विकास लघुवित वितिय संस्था लिमिटेड द्वारा प्रदान गरिने थोक कर्जाको व्याजदरमा अनुदान कार्यक्रम |
| ४१ | उत्कृष्ठ कृषक पुरुस्कार वितरण कार्यक्रम |
| ४२ | जिबिकोपार्जन सुधार कार्यक्रमहरु |

## अनुसूची-२

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

### कृषि तथा पशुपालन सम्वन्धी कार्यक्रमको प्रस्ताव आव्हानको सुचना

प्रथम पटक सूचना प्रकाशित मिति : ..................

यस कार्यालयको आ.व.................. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ........................ सम्वन्धी कार्यक्रमका माध्यमवाट रोजगार/ स्वरोजगार प्रदान गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक बेरोजगार /कृषक /कृषक समूह / कृषि सहकारी / कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुरुप तपशिलका कागजात सहित प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ।

**तपशिल**

१. अनुसूची -२ अनुरुपको आवेदन,

२. अनुसूची -३ अनुरुपको संक्षिप्त कार्ययोजना,

३. अनुसूची -४ अनुरुपको स्वघोषणा पत्र,

४. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

५. व्यवसाय दर्ता / गत आ. व.को करचुक्ता /पान नं.आदिको प्रतिलिपि,

६. जग्गाको लाल पुर्जा / भाडामा भए कम्तीमा ५ वर्षको सम्झौता पत्र ।

अनुसुची-३

(दफा ४ को उपदफा (२) संग सम्बन्धित)

श्री नौकुण्ड गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सरमथली,रसुवा।

विषयः कृषि, पशुपंक्षी तथा अन्य व्यवसाय र उद्यमशीलता प्रवर्द्धन अनुदान कार्यक्रम सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०...................... गते प्रकाशित सूचना बमोजिम म.................................................... फर्म समुह संस्थाले कृषि, पशुपंक्षी तथा अन्य व्यवसाय र उद्यमशीलता प्रवर्द्धन अनुवान कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्नको लागि यो निवेदन पेश गरेको छु।

| क्र सं | कार्यक्रमको नाम | क्रियाकलापको विवरण | कुल अनमानित लागत रु | माग गरिएको अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

संलग्न कागजातहरुः

१) फर्म/समुह / संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

२) कर चुक्ता/तथा गत आ.व.का अडिट रिपोर्टको प्रतिलिपि

३) संस्थाको निर्णय प्रतिलिपि

४) वडा कार्यालयको सिफारिस पत्र

५) धनी पुर्जाको प्रतिलिपि

६) नागरिकताको प्रतिलिपि

७) सदस्यहरुको विवरण फारम (संस्था वा समूह भए)

निवेदकको नाम, थर :

ठेगाना :

दस्तखत :

मोबाइल नं :

संस्था वा समूह भए

संस्था वा समूहको नाम

ठेगाना

संस्थाको छाप

# अनुसूची-४

(दफा ४ को उपदफा ६ सँग सम्बन्धित)

**व्यवसायी फार्म संचालनको लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमूना**

**१) आवदेक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

| | |
|---|---|
| आवेदकको नाम: | |
| पूर्ण ठेगाना ( पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| पोप्राईटरको वा अध्यक्षको नाम | |
| मोबाईल नं. | |
| परियोजना स्थल कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| पास्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानगाहीको तर्फबाट व्याहोने खर्च समेत समावेश गर्ने) | |
| गाउँपालिकाबाट माग गरेको कूल अनुदान रकम (नेरु) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस। | |
| पास्तावना पेश गर्ने व्यक्ति वा संस्थाको नाम | |

**२) प्रस्तावनाको औचित्य तथा महत्व**

तालिका : ..........................................................को हालको व्यवसायको अवस्था

| क्र.सं | हालको व्यवसायक | व्यवसाय आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कल अनुमानित आम्दानी रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**३) अपेक्षित उपलब्धिहरु र बार्षिक उत्पादन विवरण**

<u>पास्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपशिल बमोजिमका हनेछन् ।</u>

- **व्यवसायको आकार**
- **बार्षिक उत्पादन**
- **बार्षिक जम्मा आम्दानी**
- **रोजगारी सिर्जना**

**४) परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु**

| **क्र.सं** | **क्रियाकलाप** | **ईकाई** | **परिमाण** | | | | **सम्पन्न गर्ने मिति** |
|---|---|---|---|---|---|---|---|
| | | | **नयाँ** | **हाल** | **थप गर्ने** | **जम्मा** | |
| | | | | | | | |
| आवश्यक्ता अनुसार महल थप गर्नुहोस । | | | | | | | |

**५) फर्मले साझेदारीमा संचालन गर्ने कार्यक्रमको अवधिः...............................**

**६) खर्च विवरण**

**क) स्थिर खर्चको विवरण**

- कृषि यन्त्र उपकरणहरु गोठ, भवन, तारवार, पानी व्यवस्थापन आदि जस्ता संरचना निर्माण पशुवस्तु खरिद पूर्व सञ्चालन खर्च आदि ।

| **क्र.सं** | **क्रियाकलापहरुको विवरण** | **ईकाई** | **परिमाण** | **दर** | **जम्मा खर्च रु.** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यक्ता अनुसार महल थप गर्नुहोस । | | | | | |

**ख चालु खर्चको विवरण (एक बर्षको मात्र)**

- कामदार, मल विउ, दाना, घांस व्यवस्थापन, रोगकिरा व्यवस्थापन आदि ।

| **क्र.सं** | **क्रियाकलापहरुको विवरण** | **ईकाई** | **परिमाण** | **दर** | **जम्मा खर्च रु.** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यक्ता अनुसार महल थप गर्नुहोस । | | | | | |

**७. लागत साझेदारी**

तालिका: लागत साझेदारीमा संञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकम विवरण ।

| क्र.स | विवरण | जम्मा खर्च रु. | परियोजनाको पहिलो बर्षको लागत रु. | अनुदान उपलब्ध गराउने कार्यालय वा संस्थाको रु . | अनुदान ग्राहिको लागत रु. |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| आवश्यक्ता अनुसार महल थप गर्नुहोस | | | | | |

कृषकको नाम थर:

ठेगाना:

हस्ताक्षर:

सम्पर्क नं.

## अनुसुची -५

(दफा ४ को उपदफा ७ सँग सम्बन्धित)

### स्वघोषणा

लिखितम यसै रसुवा जिल्ला नौकुण्ड गाउँपालिका वडा नं..................बस्ने बर्ष ..............को म……………...........ले गत दुई आर्थिक वर्ष भित्र कुनैपनि सरकारी निकाय तथा अन्य संघ संस्था बाट अनुदान स्वरुपको रकम/अन्य कुनै पनि सुबिधा नलिएको व्याहोरा ठिक साँचो हो, झुठा ठहरिय कानुन बमोजिम सहौंला बुझौला साथै यस कार्यक्रम संचालन गर्दा लाग्ने कुल रकम मध्ये अनुदान रकममा अपुग सम्पूर्ण रकम आफै लगानी गर्न मन्जुर भई यो स्वघोषणा पत्रमा सहि छाप गरिदिए इति संवत २०७.........साल..................महिना .........गते रोज .........शुभम ।

**<u>सहि छाप गर्ने</u>**

नाम थर:

ठेगाना :

दस्थाखत :

फोन.नं.:

| दायाँ | वायाँ |
|---|---|
| | |

**रोहवर**

नाम थर:

पद :

कार्यलय:

# अनुसुची -६

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

## व्यवसायिक फार्म संचालनको लागि सम्झौता पत्रको नमूना

श्री नौकुण्ड गाउँपालिका ....................................... शाखा (यस पछी पहिलो पक्ष भनिने) र रसुवा जिल्ला नौकुण्ड गाउँपालिका वडा नं......मा स्थापना भएको श्री.....................................................का प्रोपाइटर वा अध्यक्ष (यस पछी दोश्रो पक्ष भनिने) विच साझेदारी/सहकार्यमा आ.व. २० /०८ को स्वीकृत व्यवसायीक फार्म स्थापना सहयोग कार्यक्रम नौकुण्ड गाउँपालिका वडा नं. ... मा संचालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सझौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं।

**कार्यक्रमको नाम** : ...........................................

तपसिल :

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।

२. दोस्रो पक्षले कार्यालयको लागत इष्टिमेट अनुसार व्यवसाय ......................(व्यवसायको आकार उल्लेख गर्नुपर्ने) मा सञ्चालन गरेको हुनु पर्ने छ। यसरी स्थापना गरिने व्यवसायीक फार्मको कुल लागतको बढिमा रु... .................अक्षेरुपी ........................... ..............रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ।

३. कार्य सम्पन्न पश्चात कार्य योजना/सम्झौता अनुसारको काम सकिय पछि मात्र अनुदान रकम एकमुस्ट उपलब्ध गराइने छ।

४. लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै सञ्चालन गर्नुपर्नेछ।

५. सम्झौता भएको मितिले १५ दिन भित्र व्यक्ति तथा व्यवसायीक फार्म स्थापनाको लागत ईष्टिमेट/कार्ययोजना अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ। यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ।

६. दोश्रो पक्षले यहि २०७..........साल ..................महिना ...... गते भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरि सक्नु पर्नेछ।

७. दोस्रो पक्षले लागत ईष्टिमेट कार्ययोजना अनुसारका क्रियाकलापहरु आफैले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाईने छैन।

८. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ।

९. दोस्रो पक्षले कार्यक्रम संचालन भएको स्थानमा अनुदान रकम र लागतन साझेदारी सहितको बिस्तृत विवरण झल्कने गारी सबैले देखिने स्थानमा होडिङ बोर्ड राख्नुपर्ने छ।

प्रथम पक्षको तर्फबाट द्रोस्रो पक्षको तर्फबाट

नाम थर: नाम थर :

पद : पद :

कार्यालयको छाप: संस्थाको नाम:

मिति:छाप :

मिति:

**रोहबर**

**नाम :**

पद :

## अनुसुची -७

(दफा १८को उपदफा ३ सँग सम्बन्धित)

**स्थलगत प्रमाणिकरण मूल्याकन फारम मल्याइनका**

| क्र सं | मुल्याङकनका आधारहरु | अङकभार | प्राप्ताङक |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | आवदकको पृष्ठभमि र प्रस्तावित कार्यक्रम बीच तालमल भए/नभएको | ९ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारको संम्भावना छ छैन | ७ | |
| १.३ | \| व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | ७ | |
| १.४ | भौगोलिकक उपयुक्तता | ७ | |
| २ | प्राविधिक क्षमता | २० | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | १० | |
| २.२ | आवेदकसँग सम्बन्धित विषयको तालिम/कामको अनुभव छ/छैन | १० | |
| ३ | वित्तीय क्षमता | २० | |
| ३.१ | मौजुदा पुंजी, लक्षित वर्गबाट हुने लगानी सहभागिता, प्रस्तावकको अन्य निकायबाट जटाउन सक्न लगानी आदि) | १० | |
| ३.२ | प्रस्तावकले लागत साझदारीका प्रतिवद्धता अनुसारका सभाव्यता | १० | |
| ४ | रोजगारी र दिगोपनाको संभावना | २० | |
| ४.१ | रोजगारी सिर्जना र जीविकोपार्जनमा पार्ने योगदान | १० | |
| ४.२ | कार्यकमको निरन्तरता एवं दिगोजनाको संभावना | १० | |
| | कुल जम्मा | १०० | |

अनुसूची-८

(दफा २० सँग सम्बन्धित)

मासिक प्रगति प्रतिवेदनको ढाँचा

आर्थिक वर्ष :

महिना:

| क्र सं | बजेट उपशिर्षक नम्वर | कार्यक्रम | वडा नम्वर | कार्यालयबाट निकासा रकम रु | | अनुदानग्राहिलाइ भुक्तानी भएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | यस महिनाको | हाल सम्मको | यस महिनाको | हाल सम्मको | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची-९

(दफा २१ सँग सम्बन्धित)

कार्यालयले तयार गर्ने त्रैमासिक तथा वार्षिक प्रगती प्रतिवेदन ढाँचा

आर्थिक वर्ष :

| क्र सं | बजेट उपशिर्षक नम्वर | कार्यक्रम | वडा | अनुदान ग्राहिको नाम | अनुदान ग्राहिको फर्म वा कम्पनीको नाम | कार्यालयबाट भएको अग्रिम निकासा | अनुदान ग्राहिलाइ भुक्तानी भएको रकम | फिर्ता दाखिला भएको अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रमाणीकरण मितिः ...

आज्ञाले,

नविन गिरी

प्रमुख प्रशासकीय अधिकृत